# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, श्रावण ६ गते २०३० साल [ अतिरिक्ताङ्क २४

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) (पहिलो संशोधन) नियमावली, २०३०

नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) नियमावली, २०२६ (यसपछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरुको नाम "नेपाल न्याय सेवा (श्रेणी विभाजन, भर्ना, सरुवा र बढुवा) (पहिलो संशोधन) नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ५ मा संशोधनः– मूल नियमावलीको नियम ५ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) त्यसरी सेवा परिवर्तन गरी सरुवा गर्दा साधारणतः तृतीय श्रेणीमा मात्र सरुवा गरिने छ ।"

३. मूल नियमावलीको नियम ८ मा संशोधनः– मूल नियमावलीको नियम ८ को खण्ड (२) को सट्टा देहायको खण्ड (२) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) बढुवाद्वारा नियुक्तिको लागि राजपत्र अनंकित न्याय सेवाको प्रथम श्रेणीमा स्थायी भई कम्तीमा ५ वर्ष काम गरेको ।

तर प्रत्येक वर्ष पूर्ति गर्नुपर्ने रिक्त पदहरूको पच्चीस प्रतिशतसम्म पदहरूमा मात्र बढुवाद्वारा पूर्ति गर्न सकिनेछ ।

स्पष्टीकरणः– यस नियमको प्रयोजनको लागि राजपत्र अनंकित न्याय सेवाको प्रथम श्रेणी भन्नाले सर्वोच्च अदालत र मातहतको अदालत, आय र कर अदालत, वाग्मती विशेष अदालत, महान्यायाधिवक्ताको कार्यालय र मातहतको कार्यालय, कानून तथा न्याय मन्त्रालय, न्यायिक समितिको कार्यालय तथा श्री ५ को सरकारले तोकेको न्यायिक काम कारवाई गरी आएको अन्य कुनै कार्यालयको नायब सुब्बा वा सो सरहको पद सम्झनुपर्छ ।"

४. मूल नियमावलीको नियम ९ मा संशोधनः– मूल नियमावलीको नियम ९ को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः–

"तर–

(क) यो प्रतिवन्धात्मक वाक्यांश लागू भएपछि अरू सेवाबाट न्याय सेवामा सरुवा भई आएका कर्मचारीको बढुवाको लागि सेवा अवधि गणना गर्दा त्यस्तो कर्मचारीको कानून स्नातकोपाधि प्राप्त गर्नुभन्दा अघिका सेवा अवधि गणना गरिने छैन र त्यस्तो कर्मचारी न्याय सेवामा सरुवा भएको एक वर्ष पूरा नभई बढुवाको लागि निजको सेवा अवधि पुगेको मानिने छैन ।

(ख) निजामती सेवा नियमावली, २०२१ बमोजिमको कार्य सम्पादन सम्बन्धी मूल्यांकन फाराम २ मा कुनै अधिकृतको पदोन्नतिको निमित्त सम्भाव्य क्षमता दुई वर्षसम्म लगातार असाधारण तवरले योग्य भन्ने सुपरिवेक्षकद्वारा मूल्यांकन भई पुनरालोकन कर्ताबाट समर्थन भएमा सो पदमा चार वर्ष पुगेपछि पदोन्नतिको लागि सम्भाव्य उम्मेदवार बन्न सक्नेछ । लगातार तीन वर्षसम्म असाधारण तवरले योग्य भन्ने सुपरिवेक्षकद्वारा मूल्यांकन र पुनरालोकन कर्ताबाट समर्थन भएमा श्री ५ को सरकार मन्त्रिपरिषद्को निर्णयबाट नोकरीको अवधि तीन वर्ष पुग्नासाथ पदोन्नतिको लागि सम्भाव्य उम्मेदवार बन्न सक्नेछ ।"

५. मूल नियमावलीको नियम १२ मा संशोधनः– मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१२. बढुवा गर्दा अपनाउनु पर्ने कार्यविधिः– बढुवाको लागि सिफारिश गर्नुभन्दा अगावै सम्बन्धित उम्मेदवारहरूको जानकारीको लागि न्याय सेवा आयोगले बढुवा हुने पदहरूको सूची सहित परिपत्र गरी सूचित गर्नेछ । त्यस्तो सूचनामा पदको विवरण, आवश्यक शैक्षिक योग्यता, सेवा अवधि र अनुभव तथा दरखास्त दिने म्याद र कार्यालय समेत खुलाइएको हुनुपर्छ । सम्बन्धित योग्य उम्मेदवारहरूले सोही सूचनामा तोकिएको म्यादभित्र निर्धारित ढाँचामा दरखास्त लेखी तोकिएको कार्यालयमा पेश गर्नु पर्नेछ ।

तर सम्बन्धित कुनै योग्य उम्मेदवारको दरखास्त पेश नभएको कारणबाटै निजको नाम उम्मेदवारहरूको सूचीबाट हटाइने छैन ।"

६. मूल नियमावलीमा नियम १२क. थपः– मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छः–

"१२ क. राजपत्रांकित विशिष्ट श्रेणीमा बढुवा गर्दाको विशेष व्यवस्थाः– (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्रांकित विशिष्ट श्रेणीको पदमा पूर्ति गर्नको लागि न्याय सेवा आयोगले सिफारिश गर्दा पूर्ति गरिने पदको संख्याको कमसेकम दोब्बरको संख्यामा सम्भावित उम्मेदवार (उपलब्ध भएसम्म) को नाम सिफारिश गर्नेछ र त्यसरी सिफारिश गरिएको कर्मचारीहरू मध्येबाट कार्य सम्पादन गर्न सक्ने क्षमता, उत्तरदायित्व वहन गर्ने खूबी तथा आफूमुनिका कर्मचारीहरूलाई नियन्त्रण, निर्देशन र प्रोत्साहन दिन सक्ने क्षमताको आधारमा खास उपयुक्त उम्मेदवारहरूलाई मात्र छानी विशिष्ट श्रेणीमा बढुवा गर्न श्री ५ को सरकारलाई कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

(२) विशिष्ट श्रेणीमा बढुवाको लागि नाम सिफारिश गर्दा नियम १२ र नियम १६ लागू हुने छैन ।"

७. मूल नियमावलीको नियम १३ मा संशोधनः– मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः–

"१३. बढुवा सम्बन्धी विशेष व्यवस्थाः– यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम १४ बमोजिम पूर्ति हुने पद बाहेक सेवाको तृतीय श्रेणीभन्दा माथिको प्रत्येक वर्ष पूर्ति गर्नुपर्ने जम्मा रिक्त पदहरू मध्ये २५ प्रतिशतसम्म पदहरूमा कानून स्नातक नभएका कर्मचारीहरू पनि र सो बाहेक बाँकी रिक्त पदको लागि कानून स्नातक भएका कर्मचारी मात्र बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्न सक्नेछन् ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल नियमावलीको नियम १४ मा संशोधनः– (१) मूल नियमावलीको नियम १४ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रथम र द्वितीय श्रेणीको रिक्त पदमा बढुवा गर्दा प्रत्येक वर्ष पूर्ति गर्नुपर्ने रिक्त पदहरूको पच्चीस प्रतिशत पदहरूमा न्याय सेवा आयोगले परिपत्र गरी आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गर्नेछ ।"

(२) मूल नियमावलीको नियम १४ को उप-नियम (३) मा रहेको "प्रकाशित हुने विज्ञापनमा" भन्ने शब्दहरूको सट्टा "गरिने परिपत्रमा" भन्ने शब्दहरू राखिएको छ ।

९. मूल नियमावलीमा नियम १४क. थपः– मूल नियमावलीको नियम १४ पछि देहायको नियम १४क. थपिएको छः–

"१४क. परीक्षा सम्बन्धी व्यवस्थाः– (१) यस नियमावली बमोजिमको परीक्षा लिंदा सेवा वा पदको लागि उपयुक्तता जाँच्ने किसिमको सैद्धान्तिक ज्ञानको साथसाथै व्यावहारिक ज्ञानको परीक्षणमा विशेष जोड दिइनेछ ।

(२) खुला प्रतियोगिता वा बढुवा परीक्षाबाट नयाँ नियुक्तिको लागि लोक सेवा आयोगबाट हुने जाँच लिखित परीक्षा र अन्तरवार्ताद्वारा हुनेछ र खुला प्रतियोगिता र बढुवा परीक्षा दुबैको लिखित परीक्षा समान स्तरको र संयुक्त रूपले हुनेछ ।

(३) यस नियमावली बमोजिम लिइने सबै परीक्षाको पाठचक्रम निर्धारण गर्न र अन्तरवार्ताको निमित्त सम्बन्धित आयोगहरूलाई विशेषज्ञको रूपमा सल्लाह र सहयोग दिन महान्यायाधिवक्ता, कानून तथा न्याय मन्त्रालयको सचिव र सर्वोच्च अदालतको रजिष्ट्रारको एक सल्लाहकार समिति रहनेछ ।"

१०. मूल नियमावलीको नियम १५ मा संशोधनः– मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छः–

"१५. नोकरीको जेष्ठता गणना गर्ने तरीकाः– (१) नियम १० को उप-नियम (३) को प्रयोजनको लागि सेवाको कर्मचारीको आपसी जेष्ठता निर्धारण गर्दा सेवाका प्रत्येक श्रेणीको कर्मचारीहरूको सो श्रेणीमा नियुक्ति वा बढुवा भएको मितिको जेष्ठताको आधारमा निर्धारण गरिनेछ ।

(२) उप-नियम (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी देहायको अवस्थामा देहायबमोजिम जेष्ठताको निर्धारण हुनेछः–

(क) एकै मितिमा बढुवा भएका कर्मचारीका हकमा निजहरूको सेवाको एक तहमुनिको श्रेणीमा नियुक्ति वा बढुवा भएको मितिको आधारमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) त्यसबाट पनि जेष्ठता न छुट्टिने भए सेवाको अन्न एक तहमुनिको श्रेणीमा नियुक्ति वा बढुवा भएको मितिको आधारमा,

(ग) त्यसबाट पनि जेष्ठता न छुट्टिने भए लोक सेवा आयोगको सिफारिश क्रमको आधारमा र खुला प्रतियोगिता र बढुवा प्रतियोगिताको एकै दिन सिफारिश प्राप्त भएको भए खुला प्रतियोगिताबाट सिफारिश भएकालाई जेष्ठता प्रदान गरिनेछ,

(घ) अरू सेवाबाट सरुवा भई आएका कर्मचारीहरूको जेष्ठता सरुवा मितिले कायम गरिनेछ । एकै मितिमा सरुवा भई आउनेहरूको आपसी जेष्ठता निजहरूको पूर्व सेवाको जेष्ठताको आधारमा कायम गरिनेछ र

(ङ) माथि उल्लेख भएको कुनै आधारबाट जष्ठता कायम हुन नसके यस नियमावलीको सिद्धान्त अनुकूल उचित र न्यायसंगत तरीकाबाट न्याय सेवा आयोगले जेष्ठता निर्धारण गरी दिनेछ र सो निर्णय अन्तिम हुनेछ ।"

११. मूल नियमावलीको नियम १७ मा संशोधनः– मूल नियमावलीको नियम १७ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) "क" वर्गको हुम्ला, मुगु, तिब्रीकोट, डोल्पामा १ वर्ष र "क" वर्गको बाँकी क्षेत्रमा र "ख" वर्गमा २ वर्ष र "ग", "घ" र "ङ" वर्गमा ३ वर्ष बिताएपछि सरुवा अवधि पुगेको मानिने छ । साधारणतः सो अवधिभित्र सरुवा गरिने छैन र सो अवधि पुगेको ६ महीनाभित्र सरुवा गरी सकिनेछ ।

तर––

(क) "क" र "ख" वर्गमा सरुवा अवधि पुगी सकेकालाई सरुवा गर्न आवश्यक परेमा "घ" र "ङ" वर्गमा २ वर्ष पुगी सकेकालाई सरुवा गर्न यस नियमले बाधा पुर्‍याएको मानिने छैन ।

(ख) "क" र "ख' वर्गमा पदस्थापन वा सरुवा भएका कर्मचारीले सो स्थानमा आफूले बहाल गरेको मितिले सार्वजनिक बिदा, भईपरी आउने बिदा, बिरामी बिदा १२ दिनसम्म, घर बिदा ३० दिनसम्म, क्रिया बिदा बाहेक घटीमा वर्षको २३३ दिनका दरले नबिताएको भएमा निजलाई सामान्यतः सरुवा गरिने छैन ।"

आधिकारिकता मुद्रित प्रतिबाट मात्र लागु हुनेछ।

223

१२. मूल नियमावलीमा नियम १७क. थप:– मूल नियमावलीको नियम १७ पछि नियम १७क. थपिएको छः–

"१७क. पदस्थापनाको इच्छा व्यक्त गर्नेः– (१) सेवामा नियुक्त हुने, सरुवा भई आउने र हाल भएका सबै कर्मचारीले सेवाको कुन अंगमा (जस्तो कानून तथा न्याय मन्त्रालयको कानून अधिकृतमा, न्यायाधीशमा, सरकारी वकीलमा वा सर्वोच्च अदालत, आय र कर अदालत वा महान्यायाधिवक्ताको कार्यालयमा) बसी काम गर्न बढी इच्छा र झुकाव छ सो खुलाउनु पर्नेछ । त्यसरी इच्छा र झुकाव खुलाउँदा नयाँ नियुक्ति हुने र अरू सेवाबाट सरुवा हुनेले शुरु दरखास्तमा नै सो कुरा खुलाउनु पर्नेछ र अरूका हकमा न्याय सेवा आयोगले तोकी दिएको अवधिभित्र खुलाउनु पर्नेछ ।

(२) पदस्थापन र सरुवा कर्मचारीको इच्छा र झुकाव अनुसार नै हुनु पर्ने कुनै बाध्यता हुने छैन । तर पदस्थापन सरुवा र बढुवा समेतमा त्यसको समेत विचार गर्न सकिनेछ ।"

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग प्रमाणित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228